# निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षा

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा

व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो

वर्षको आवश्यकता पूरा गर्नका लागि

तयार पारिएको

## शोधपत्र


शोधकर्ता

गणेश प्रसाद सुवेदी

क्याम्पस क्रमाङ्क ९६/०६४

परीक्षा क्रमाङ्क: २४०००३३।६६

त्रि.वि.वि. दर्ता नं. : ११८०१-८६

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन


२०७२

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम्. एड्.) दोस्रो वर्षका छात्र गणेश प्रसाद सुवेदीले **निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षा** विषयको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिको यस शोधकार्यमा म सन्तुस्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..................................

उप. प्रा. होमनाथ सापकोटा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०७२ ..........................

Tel. 056-520754, 522558, 523021, Fax : 056-523021, E-mail : saptagandaki@yahoo.com, smc.bharatpur@gmail.com

# कृतज्ञता ज्ञापन

**निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षा** विषयमा यो शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य सहयोग तथा सुझाव, सल्लाह प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु उप प्रा. होमनाथ सापकोताज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख उप.प्रा. कुवेरनाथ शर्माज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै उप.प्रा. देनप्रसाद लामिछाने, लगायत सम्पूर्ण सप्तगण्डकी क्याम्पस परिवारप्रति कृतज्ञ छु ।

प्रस्तुत शोधकार्यलाई पूर्णता प्रदान गर्नका लागि आफ्नो अमूल्य समय खर्चेर आवश्यक मागर्दशन प्रदान गर्नुका साथै सामग्री सन्दर्भ सामग्री सङ्कलनका लागि विशेषण सहयोग पुऱ्याउनु हुने बुद्धिजिवी व्यक्तित्व रमाकान्त सापकोटाज्यूप्रति हृदयदेखि नै आभारी रहेको छु । शोधकार्यको सिलसिलामा आवश्यक सूचना तथा तथ्याङ्कहरू र सुझावहरू उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित संघ संस्थाका कर्मचारीहरू, सहयोगी कार्यकर्ता, सहभागी र शिक्षाप्रेमी व्यक्तिहरूप्रति आभार व्यक्तगर्दै अमूल्य सहयोगका लागि धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा शोधपत्रलाई यथासक्य छिटो र शुद्धसँग कम्प्युटर टंकलन गरी सहयोग पुऱ्याउनुहुने भाइ शालिक सापकोटा प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । साथै प्रस्तुत शोधपत्र यस विषयसँग सम्बन्धित सबै व्यक्तिहरूका लागि उपयोगी हुनेछ भन्ने कुरामा विश्वास लिएको छु ।

गणेश प्रसाद सुवेदी

# शोधसार

***निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षा*** *शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रलाई निरक्षरता उन्मूलन अभियानमा अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभाव पार्ने तत्वहरू खोजी गर्ने, अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखापरेका समस्याहरूको खोजी गर्ने, अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखापरेका समस्या समाधानका उपायहरू सुझाउने जस्ता उद्देश्यमा शोधपत्रलाई केन्द्रित गरिएको छ ।*

*मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्लाई आधार मानेर गरिएको प्रस्तुत शोधपत्र गुणात्मक ढाँचाको रहेको छ । यस शोधपत्रमा अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि यस अध्ययन अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडि गरिएका लेखरचना, पत्रपत्रिकाहरूलाई सम्बन्धित सहित्यको पुनरावलोकनको रूपमा अध्ययन गरिएको छ । यस अध्ययन अनुसन्धानका लागि चितवन जिल्लामा अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालनमा भएका सामुदायिक अध्ययन केन्द्रबाट सञ्चालित जम्मा १० वटा अध्ययनकेन्द्रहरू मध्येमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा ५ वटा अध्ययन केन्द्रलाई छनोट गरी प्रत्येक विद्यायबाट सम्भावना रहित नमुना छनोट विधिका आधारमा सहयोगी कार्यकर्ता १।१ का दरले ५ वटा, सहभागीहरू ५।५ का दरले २५ जना, निरक्षक १ जना गरी ३१ जनालाई यस अध्ययन अनुसन्धानको जनसङ्ख्याका रूपमा समावेश गरिएको छ । अन्तरवार्ता,प्रश्नावली तथा अवलोकन फारमलाई अध्ययन कार्यमा प्रमुख साधनहरू बनाइएको छ ।  प्राथमिक र द्वितीय स्रोतलाई आधार मानेर तथ्याङ्क संकलन गरी सङ्कलित तथ्याङ्कलाई स्पष्ट ढङ्गले सबैले बुझ्ने र व्यवहारिक बनाउनका लागि वर्णनात्मक तवरबाट व्याख्या एवम् विश्लेषण गरिएको छ ।*

*चितवन जिल्ला भरतपुर नगरपालिकामा अनौपचारिक कक्षाकेन्द्र अन्तर्गत सञ्चालन भएका कक्षाकेन्द्रहरूमा कक्षा सञ्चालनका लागि घरको कोठा र वरण्डा प्रयोग गरेको पाइयो । सहभागीहरूका लगि चाहिने पाठ्य सामग्रीहरू समयमा उपलब्ध हुन नसक्दा सहभागीहरूलाई सिकाइप्रति नैरास्यता भएको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको छ । लेख्न पढ्नै नसक्ने अवस्था रहेकाहरूले पनि सामान्य लेखपढ गर्नुका साथै*

*आफ्नो दैनिक हिसाब किताब गर्ने सक्ने भएको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालय उमेर समूहबाट बाहिरिएका, समयको अभाव रहेकाहरूका लागि पनि अनौपचारिक शिक्षा प्रभावकारी हुन सकेको पाइयो । निरीक्षण एवम् अनुगमन कार्य प्रभवाकारी हुन नसकेको, निरीक्षकहरूले सहयोगी कार्यकर्तासँग सोधेर जानकारी लिने तर सम्बन्धित ठाउँमा पढाइ भएका बेला के कस्तो भएको छ भनेर प्रत्यक्ष अनुगमन नगरेको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको हुँदा अध्ययन स्थलमा देखिएका कमी कमजोरीलाई निराकरण गरी कार्यक्रम सञ्चालन हुन सकेका खण्डमा अनौपचारिक शिक्षाको माध्यमबाट निरक्षरता उन्मूलन गर्नका लागि थप सहयोग पुग्ने निष्कर्ष निकालिएको छ ।*

# विषय सूची


सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता ज्ञापन iii

शोधसार iv

विषय सूची vi

## परिच्छेद एक

## परिचय १-१२

१.१ अध्ययनको पृष्ठभूमि 1

१.२ समस्याको कथन 8

१.३ अध्ययनको औचित्य 9

१.४.अध्ययनकोउद्देश्य 11

१.५. अनुसन्धानप्रश्नहरू 11

१.६अध्ययनकापरिसीमाहरू 12

## परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका १३-२२

२.१सम्बन्धितसाहित्यकोपुनरावलोकन 13

२.२अध्ययनकोसैद्धान्तिकखाका 18

२.३पुनरावलोकनकोशैक्षिकउपादेयता 22

## परिच्छेद तीन

## अध्ययन विधि २३-२६

३.१अनुसन्धानढाँचा 23

३.२अध्ययनकोजनसङ्ख्यातथानमूनाछनोट 23

३.३.तथ्याङ्कास्रोतहरू 24

३.४तथ्याङ्कसङ्कलनकासाधनहरू 25

३.५.तथ्याङ्कसङ्कलनप्रक्रिया 25

३.६.तथ्याङ्कविश्लेषणप्रक्रिया 26

## परिच्छेद चार

**तथ्याङ्कको व्याख्या तथा विश्लेषण** **२७-४४**

४.१ अनौपचारिक शिक्षा कार्यक्रमको वर्तमान अवस्था 27

४.२ निरक्षरता उन्मूलन अभियानमा अनौपचारिक शिक्षा कार्यक्रमको प्रभाव 31

४.३ अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखिएका समस्याहरू 35

४.४ अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखिएका समस्याको समाधानका उपायहरू 39

## परिच्छेद पाँच

**निष्कर्ष र सुझाव** **४५-४९**

५.१ निष्कर्ष 45

५.२ सुझावहरू 47

- ५.२.१ नीति निर्माण तह 47
- ५.२.२ कार्यान्वयन तह 47
- ५.२.३ अनुसन्धान तह 49

सन्दर्भ सामग्री

अनुसूचीहरू